# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ३ संख्याः १४ मितिः २०७७/०१/१६

## भाग -२

## रामपुर नगरपालिकाको
## बाझो जग्गामा खेती गर्नेलाई अनुदान दिने सम्बन्धि कार्यविधि, २०७७

**पृष्टभूमि:**रामपुर नगरपालिका क्षेत्रमा बाझो रहेका जग्गालाइ खेति गरि उत्पादन वृद्धि गर्ने र कुनै महामारीको समयमा खाद्य असुरक्षा हुन नदिनको लागि स्थानीय सरकार संचालन ऐनको दफा १०२ ले दिएको अधिकार प्रयोग गरि **"बाझो जग्गामा खेति गर्नेलाइ अनुदान दिने सम्बन्धि कार्यविधि-२०७७"** तयार गरि लागु गरिएको छ ।

## खण्ड १

१. **संक्षिप्त नाम, प्रारम्भ र परिभाषा :**

१.१. यो कार्यविधिको नाम **"बाझो जग्गामा खेति गर्नेलाइ अनुदान दिने सम्बन्धि कार्यविधि-२०७७"** रहेको छ ।

१.२. यो कार्यविधि कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

१.३. बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "**कार्यपालिका**" भन्नाले रामपुर नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

ख) **"कृषक"** भन्नाले ब्यबसायिक वा ब्यवसाय उन्मुख खाद्यान्न बालि (मकै) वा तरकारी खेति वा समितिले तोकेको अन्य बालि निश्चित क्षेत्रफलमा खेति गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

ग) **"कृषि समूह"** भन्नाले करिब १०-३० जनाको कृषक सदस्य रहेको समुहलाई बुझ्नुपर्दछ ।

घ) **"नगरपालिका"** भन्नाले रामपुर नगरपालिका, रामपुर पाल्पालाई जनाउनेछ ।

ङ) **"कृषि शाखा"** भन्नाले यस नगरपालिकाको कृषि शाखा वा उपशाखा वा इकाई वा कृषि सेवा केन्द्रलाई जनाउनेछ ।

च) **"समिति"** भन्नाले बाझो भूमि पुनः उपयोग कार्यक्रम संचालन समिति सम्झनु पर्दछ ।

छ) **"बाझो जग्गा"** भन्नाले रामपुर नगरपालिका भित्रका २ बर्ष सम्म खेति नगरिएका/खनजोत नगरिएका खेति योग्य जमिन लाइ जनाउने छ ।

## खण्ड २

२. **उद्देश्य**

२.१. रामपुर नगरपालिकाको आर्थिक विकासलाई टेवा पुऱ्याउने ।

२.२. बाझो जग्गाको सदुपयोग गरि खाद्य सुरक्षालाइ मजबुद बनाउने ।

२.३. बाझो जग्गामा खेति गर्ने लाइ अनुदान दिई प्रोत्साहन गर्ने र अन्य समयमा बाझो राखे दण्डित गर्ने ।

## खण्ड ३

**३. समिति**

३.१. बाझो जग्गामा खेति गर्ने लाइ अनुदान र नगर्ने लाइ दण्ड/जरिवाना गर्ने काम देहाय बमोजिमको **"बाँझो भूमि पुनः उपयोग कार्यक्रम संचालन समितिले"** गर्नेछ ।

संयोजक - नगर प्रमुख

सदस्य - प्रमुख प्रशासकीय अधिकृत

सदस्य — आर्थिक बिकास समितिको संयोजक

सदस्य - कृषि बिकास अधिकृत/कृषि शाखा प्रमुख

सदस्य - पशुसेवा सम्बन्धि प्राबिधिक वा बिज्ञ वा आर्थिक बिकास समिति सदस्य

सदस्य — लेखा अधिकृत

सदस्य सचिब —कृषि प्राबिधिक

३.२. आवस्यकता अनुसार समितिले कर्मचारी/जनप्रतिनिधि वा अन्य सरोकारवालालाइ आमन्त्रण गर्न सक्नेछ । बाँझो भूमि पुनः उपयोग कार्यक्रम समितिले कार्यक्रमको बिधि आफै निर्माण गर्न सक्नेछ । सोहि समितिले कार्यक्रम संचालन पश्चात अनुगमन गर्न सक्नेछ । साथै समितिका पदाधिकारीहरुले बैठक तथा अनुगमनको भत्ता नगर कार्यपालिकाको नियम अनुसार पाउनेछन ।

## खण्ड ४

**४. कार्यक्रम संचालन प्रक्रिया :** यस कार्यक्रममा कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म वा अन्य सस्था संलग्न हुन सक्नेछन|

४.१. कार्यालयको सूचना बमोजिम दर्ता हुन आएका निवेदनलाइ आधार मानि अनुदान दिन सकिनेछ ।

४.२. दर्ता भएका निवेदकहरुको बाझो खेत बारी वडाका कृषि प्राविधिक वा कृषि शाखामा कार्यरत प्राविधिक द्वारा चेकजांच/नापजांच गरि क्षेत्रफल कायम गरिनेछ ।

४.३. प्राविधिकहरुले बाझो जग्गा खेति योग्य ठहरेमा मात्र सोहि जग्गालाई अनुदान उपलब्ध गराउन सकिने छ ।

४.४. छोटो समयमा उत्पादन दिने खाद्यान्न बालि(मकै) खेतीको लागि प्रति रोपनी रु ३०००|- र तरकारी खेति प्रति रोपनी रु ५०००|- दिन सकिनेछ । साथै बाझो जग्गामा अन्य बालीहरुको खेतीको लागि समितिले अनुदान रकम निर्धारण गर्न सक्नेछ ।

४.५. जग्गा निरिक्षण पछि अनुसूची १ बमोजिमको ढाँचामा सम्झौता गरिने छ । सम्झौता अनुसार कार्य गर्नेलाइ मात्र अनुदान दिईनेछ ।

४.६. कृषकहरुले सम्झौता अनुसार खेति गरिसकेपछि अनुसूची-२ बमोजिमको ढाँचामा निबेदन पेश गरि अनुदान रकम प्राप्त गर्नेछन | साथै निबेदन दिदा नागरिकता प्रमाण पत्रको प्रतिलिपि, सम्झौता पत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ |

४.७. वडा कृषि प्राबिधिक वा कृषि शाखाका प्राबिधिकको निरिक्षण पश्चात प्राबिधिक तथा वडा कार्यालयको सिफारिसको आधारमा अनुदान रकम भुक्तानी दिइनेछ |

४.८. अनुदान रकम कृषकहरुले प्राप्त गरेसकेपछी सोहि जग्गा अन्य सिजन वा बर्षहरुमा बाझो राख्न पाइनेछैन | साथै सोहि क्षेत्रमा अन्य खेति गरेको वा नगरेको समेत समितिले अनुगमन/निरिक्षण गर्न सक्नेछ |

## खण्ड ५

**५. बिबिध** :यस कार्यविधिमा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रचलित नियम, कानुन, निर्देशिका बमोजिम हुनेछ | यस कार्यविधिले ब्यबस्था गरेको कुनै प्राबधान कार्यन्वयन गर्दा बाधा अड्काउ फुकाउन परेमा समितिको क्षेत्रभित्र पर्ने समितिले अन्य जटिल नितिगत अवस्थामा कार्यपालिकाले बाधा अड्काउ फुकाउन सक्नेछ |

# सम्झौता पत्र

## (अनुसूची -१ खण्ड ५ को दफा ५ संग सम्बन्धित)

यस रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर, पाल्पाको **बाझो जग्गामा पुनः उपयोग कार्यक्रमको** लागि तपशिल अनुसारका शर्तहरुको अधिनमा रही यस रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रामपुर, पाल्पा (पछी पहिलो पक्ष भनिएको) र रामपुर नगरपालिका वार्ड न. .......... बस्ने श्री ......................................................................(पछी दोश्रो पक्ष भनिएको) बिच यो सम्झौता पत्र तयार गरि हस्ताक्षर गरी एक एक प्रति लियौ दियौ ।

**तपशिलः**

१. कार्यक्रमको नामः **बाझो जग्गामा पुनः उपयोग कार्यक्रम**

२. खेति गर्ने बालिको नाम :

३. क्षेत्रफल :

४. स्वीकृत रकम रु .........................

५. सम्झौता मिति .........................

६. सम्झौता मान्य रहने अवधि : (बाली अवधि पश्चात १ महिना) :

७. सम्झौताका सर्तहरुः

क) दुवै पक्ष यस सम्झौताका सर्तहरु पूर्णरुपले पालना गर्नेछन ।

ख) दोस्रो पक्षले प्राविधिकहरुको सिफारिस अनुसार मल तथा विषादीको प्रयोग गर्नुपर्नेछ ।

ग) दोस्रो पक्षले यस कार्यालयमा पेश गरेको निवेदनका आधारमा खेति गर्नुपर्नेछ ।

घ) एउटा आर्थिक बर्षमा बाझो जग्गामा खेति गरि अनुदान लिई अन्य बर्ष बाझो राख्न पाईने छैन ।

ङ) तरकारी/मकै खेति गरेर फल लागेको अवस्था पछि वा बजारीकरण गरेपछि मात्र अनुदान रकम उपलब्ध गराइनेछ ।

च) यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन अनुसार हुनेछ ।

(आवश्यकता अनुसार सम्झौताका सर्तहरु थप गर्न सकिनेछ)

**दोश्रो पक्ष (युवा उद्यमीको) तर्फबाट**

हस्ताक्षर :

नाम :

छाप :

सम्पर्क न.

**पहिलो पक्ष (रामपुर नगर कार्यपालिकाको कार्यालय) को तर्फबाट**

दस्तखत :

नाम :

पद :

**साक्षीः**

दस्तखतः

नामः पदः

**भुक्तानी निवेदन फारम**
**(अनुसूची २ —खण्ड ५ को दफा ६ संग सम्बन्धित)**

मिति :...................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यु
रामपुर नगरपालिका
नगर, कार्यपालिकाको कार्यालय
रामपुर, पाल्पा

**बिषय : अनुदान रकम उपलब्ध गराइदिने बारे ।**

महोदय,
प्रस्तुत बिषयमा यस रामपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय रामपुर पाल्पा संगको मिति ......................गतेको सम्झौता बमोजिम ................................खेति बाझो जग्गामा उत्पादन गरिसकेकोले ...................................रोपनीको....................................अनुदान रकम उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु/गर्दछौ ।

निवेदकः

नामः
ठेगानाः
पदः
फोन नः
खाता नः

*प्रमाणीकरण मितिः- २०७७/०१/१६*

**आज्ञाले**
**ऋषिराम आचार्य**
**प्रमुख प्रशासकीय अधिकृत**